# भुस मान्छे ! ओ भुस मान्छे !!



**जोतारे धाईवा**
**काठमाण्डौ**

समय,

मैले सधैँ मनमै जपिराख्ने 'प्रिय' विशेषण यस पत्रमा तिम्रो नामअघि लेख्न सकिनँ । खोइ जाँगरै चलेन, मन बन्द भएजस्तै भयो । यसको लागि सुरुमै माफी माग्छु । प्रिय सम्बोधन पनि कतै तिम्रो लागि दोहोरिइरहने झर्को कुरा बन्ला भनेर भयभीत भएँ म । फेरि तिम्रो घरपरिवार, करिअर अनि पुराना चिनाजाना अन्तरङ्ग साथीभाइको अघि मेरो आठ-नौ महिनायताको त्यो सम्बोधन तिम्रो हेराइमा आफूलाई मनमौजी निजी वस्तु ठानी गरेको हस्तक्षेपकारी बोली लाग्ला भनेर म सतर्क भएँ । साँच्चि म तर्सिएँ यसपाली । यो तेस्रो पत्रमा आइपुग्दा एक दुई तीन भनेर कुनै गणनामा हामीले निश्चितता तोक्न खोज्ने आम प्रवृत्तिजस्तै प्रियताको स्वतःस्फूर्त सम्बोधन मबाट निस्किन सङ्कोच मान्यो । म पनि आफ्नो यो स्थितिबाट चकित भइरहेछु । खोइ, के भयो भयो ! लाग्छ, अब संसारमा यस्तै चकित हुनुपर्ने लीलैलीला त छन् नि ! यसपाली तिमीलाई प्रिय भनेर पुकार्न मलाई आउँदै आएन, यसको माने तिमी अप्रिय भएर त होइन । तिमी कहीँ न कहीँ कसैको प्रिय त सुरक्षित रुपमा हुँदै हौ । यो लेखिएकै होला भावीको लेखामा ।

यसअघि म यतिसारो काँपेको त कहिल्यै थिइनँ, दिमागमा तातो भुङ्ग्रोको श्राप पनि यस्तोसित कहिल्यै परेको थिएन । हुन्थेँ भने तिम्रै लागि म भयभीत हुन्थेँ र मिठासका लागि मीठो गरी तिमीसँगै डराउँथेँ । यसपाली भने यस्तो विक्षिप्त तुल्याउने गरी मलाई के भयो, बालापनमा राक्षसको कथा आमा-हजुरआमाले हाल्नासाथै मुटुमा ढुकढुक सोला हानेजस्तै म तिमीबाटै डराइरहेछु । तर तिमीले कल्पनालोकको कथा त मलाई सुनाएकी होइनौ, बरु एउटा सनसनी कथाले ममाथि त्रासदी छरिएको छ । वास्तविकताको करेन्टले म कस्तरी पिल्सिएको छु भने बाहिरबाट देखिएको म र भित्रको व्यथित मलाई बुझ्न मलाईसमेत कति गाह्रो छ । जोसँगको सामीप्यमा यो ब्रम्हाण्डभरिमै सुरक्षित अनुभव गर्नुपर्ने हो, उसैसँग म डराइरहेछु । मैले जति गर्दा पनि बुझ्नै सकिनँ, किन यस्तो भयो ? म

सामान्य बन्न सकिरहेको छुइनँ । सुरुको मेरो सहज अवस्था र तिम्रो पनि स्वाभाविक उपस्थिति खोइ त्यो खोइ ??? खोइ ती दुई पात्रहरू, जो विगतका दिनहरूमा एक-अर्काको लागि हरेक कुरामा उत्साही र कोमल बनिरहन्थे ? खोइ सुतेको मन्दिरमा उस्तै सुतिरहेका सारा सालिकमय मूर्तिहरूअघि ती दुई मात्र चलायमान दुई मनहरू ? खोइ हराएका जम्मै ती पूर्वरुपहरू ? खोइ मेरो त्यो प्रिय समय ? खोइ ??

यतिखेर एउटै मात्र पछुतो छ मनमा, म संवेदनाको ढिक्काढिक्का नौनीयुक्त मान्छे बनेँ । के, भएको आफ्नो मन अब कुनै रिपेयर सेन्टरमा लगेर यसभित्र इस्पात कोच्न सकिन्छ ? सहरको कुनै एक्सचेन्च अफरको मौका छोप्दै यो मनको सट्टामा अर्को लिन सकिन्छ ? अचेलभरि यस्तै अतिकल्पनाले मैदान खुला पारेर मलाई भकुन्डो गुडाइरहेछ । म के नै गर्न सक्छु र गुड्किनु अनि गुड्किरहनुसिवाय ? र, यो जेजति लेख्दै छु अहिले, नठान्नू यो सबै साहित्यको उडन्ते भावनात्मक भेल हो । अथवा जे पनि ठान्न सक्छौ, कारण आफ्नो बुझाइमा आफ्नै मर्जी त चल्ने हो नि । सम्हालिनलाई मलाई अब आफ्नै भर छैन । आफ्नै भर बाँकी नरहेपछि मान्छे कति बेकामी बन्छ होला, भन्नु नपर्ला । हो म बेकामी हुँ । एसएमएस आएको सङ्केत पाउनासाथै कति व्यग्रताले म झम्टा मारेर मोबाइलको इनबक्सभित्र एकसुरिन पुगेथेँ । 'भुस मान्छे ओ भुस मान्छे', तर तिमीले त्यस मीठो व्यग्रताको उपहार यस्तैयस्तै उडन्ते शब्द पोक्याएर दिएकी थियौ । केही राम्रै कुरा सुन्न/पाउन पर्खिने बिचरा म ! कहिल्यै भरिएन अपेक्षाको एउटा कुनासम्म पनि । लाग्दो हो, म हरपल गुनासैगुनासोले लपेटिएको पिण्ड हुँ । के त उसो भए म असन्तोषी जीव नै हुँ त ? हो त, तिम्रै भाषामा भन्नुपर्दा म भुस मान्छे नै हुँ । जो गुदीविनाको नाथे जिन्दगीलाई पनि जिन्दगी ठानेर धारण गरी हिँडिरहेछ । यस हिसाबले म त झट्टै मरिहाल्नुपर्ने एउटा भुसाहा (सायद भुस्याहा नै) अस्तित्व !

समय,

मे ५ तारिख (२००८) सोमबारको साँझलाई म एकरत्ति सम्झिन पनि चाहन्नँ र सक्दिनँ बिर्सिन पनि । यो कस्तो फसाद मलाई, समय ? हजार पाइलाहरूको तात्तातै कुल्चाइमा परेर पिसिँदै गरेको वसन्तपुरको परिवेश सम्झिँदा मलाई हिटलरको ग्याँस च्याम्बरको उखरमाउलो कहाली पनि झिनो लाग्छ । यथार्थसँगको प्रत्यक्ष साक्षात्कार र इतिहासको एउटा झिल्कोको आहान सुनाइमा कति-कति अन्तर हुँदो रहेछ, आज आएर बुझ्दै छु । असली विश्लेषण गर्दा त्यो खाँट्टी रुपमा एउटा 'झगडिया साँझ' थियो । चुलो बल्नको लागि आगो ठोस्नैपर्छ अनि झिल्का निकाल्नको लागि चकमक पत्थर रगड्नैपर्छ भन्ने धेरै सुनिएको थियो । तर त्यहाँ त त्यो साँझमा छँदाखाँदाको हरियो जङ्गल आगलागी भएर सखाप हुनेवाला थियो । धन्न नवीकरण र सँशोधनबाट एउटा सम्बन्धको जात्रा सुस्तरी फेरि अघि बढ्यो । त्यो वसन्तपुर त्यसअघि त्यति अँध्यारो र रापिलो कहिल्यै थिएन । जनआन्दोलन -२ को सफलतापछि उल्लास मनाउने क्रममा प्रदर्शनीमा राखिएका मुठभेडको रक्ताम्य तस्बिरहरू हेर्दा पनि वसन्तपुर त्यति उराठमय लागेको थिएन । म त्यतिबेला ती तस्बिर हेर्दा दर्शक

मात्र बनेथेँ सायद । तर पात्र नै बनेर प्रत्यक्ष वसन्तपुरको आँगनमा उत्रिँदा जिन्दगीको लुगा यति साह्रो बिझायो, म च्यातचुत भएर ओइलाऊँ जस्तो भयो ।

सहरमा बाँच्न त्यस्तो सकस कहिल्यै लागेन मलाई । तर मन भएर बाँच्न ज्यादै कठिन परीक्षा रहेछ । मन अडेसा लाग्ने भरोसाको ठाउँ यहाँ खोइ कहाँ रहेछ र ? उडिरहेको पात थपक्क अडिएर बस्न सक्ने ढुक्कको आधार कहाँ रहेछ र ? ठाउँ भेटिए पनि त्यो वास्तवमा साचेजस्तै त्यही नै कहाँ रहेछ र ? यो सम्झिँदा यति अत्यास लाग्छ, छातीभरि भुलुक्भुलुक् उम्लिएका वेदना पोखाऊँ भन्दा पनि जाबो रुवाइ मात्रले त्यो काम गर्दैगर्दैन । कत्ति पनि गर्दैन । र, योभन्दा बढी लेख्न पनि सकिन्न । उदयपुरे साथी दीपक चिन्तक (सुवेदी) ले पत्र पठाउँदा टुङ्ग्याउने क्रममा लेख्ने गर्नुहुन्थ्यो- 'धेरै लेख्दा नदेखिन सक्छ, हवस् त बिदा है !' त्यही सम्झिँदै छु ।

खासमा हो पनि, अक्षर लेख्दा र कुनै कुरा गर्दा यहाँ केही फिटिक्कै देखिँदैन । देखिनलाई अनि कसैको आँखामा सँगालिनलाई यहाँ चुपचाप सालिक बन्नुपर्छ । ढुङ्गा बन्नुपर्छ ढुङ्गा ! तब एकाएक देवता भइन्छ । आत्मीयता र चासो पाउनको लागि, त्यसको लोभमा मलाई बाँचीबाँची टक्क गाडिएको देवता बनेर करुण पूकार सुन्ने कुनै सोख छैन । मलाई मान्छे नै बनिरहनु छ र मन भाँच्ने गाली सुनिरहनु छ । कारण- अम्मल जो यसैको पाइरहेछु । समय, मेरो तमाखु यसैगरी भरी बनाइदिइराख है । मलाई धुवाँ फुकिरहनु छ र एकदिन अकस्मात् रगत छादेर त्यससँगै आफैँलाई बान्ता गर्नु छ । आशा छ, यो मेरो अपेक्षा भने पूरापूर बुझेर तिमीले पूरा गर्नलाई हतारिनेछौ । कारण, स्वागतमा हतार हुन्न, बिदाइमा भन्ने आतुरताले हामीलाई छोप्छ र भऱ्याङ ओराल्न तम्सिहाल्छौँ । यात्रा अखिरमा एक्लै अर्थात् एक्लै... । उसै पनि यहाँ कसैको जीवनमा कसैको स्थान र महत्व छँदै छैन । तिम्रो भनाइमा सहमति जनाउन म पनि प्रयास गर्नेछु । समय, अनन्त आभार !